ॐ सरस्वती नः सुभगा मयस्करत्
सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमदः ।

# नेपाल संस्कृत विश्वविद्यालय

## अनुसन्धान केन्द्र

पाठ्यक्रममा आधारित विद्यावारिधि कार्यक्रम

(प्रथम सेमेस्टर, २०७८ समूह)

मिति : २०८०/०६/१५

## सूचना तथा जानकारी

प्रिय शोधार्थी मित्रहरू !

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रअन्तर्गत प्रथम सेमेस्टर (२०७८ समूह) को १२ क्रेडिट आवरको कक्षामा सहभागी सम्पूर्ण शोधार्थीहरूलाई हार्दिक धन्यवाद । अनुसन्धान केन्द्रले सञ्चालन गरेको प्रथम सेमेस्टरको अनलाइन कक्षा कार्यक्रम निर्विघ्नतापूर्वक सम्पन्न भएको छ । यहाँहरूको सक्रिय सहभागिता, तत्परता, सहयोग र जिज्ञासु प्रवृत्तिको अनुसन्धान केन्द्र हार्दिक प्रशंसा गर्दछ । शोधार्थीहरूको सहजता र सुविधालाई ध्यान दिई २०८० कार्तिक महिनाको १२ गतेदेखि १८ गतेसम्म जम्मा सात दिन अनुसन्धान केन्द्रको केन्द्रीय कार्यालय दाङ र अस्थायी कार्यालय काठमाडौँमा प्रयोगात्मक कक्षा एवम् लिखित परीक्षा सञ्चालन हुने कुरा सहर्ष जानकारी गराइन्छ । कक्षा कार्यक्रम र लिखित परीक्षासम्बन्धी जानकारीका साथै प्रथम सेमेस्टरको पाठ्यक्रमसँग सम्बद्ध गृहकार्य बुझाउने समयतालिका र प्रक्रियासम्बन्धी आवश्यक जानकारी निम्नानुसार छ :

### प्रयोगात्मक कक्षा, लिखित परीक्षा र गृहकार्य सम्बन्धमा

- प्रयोगात्मक कक्षा र लिखित परीक्षा माथि उल्लेख गरिएको मिति र स्थानमा एकै साथ सञ्चालन गरिनेछ । सोअनुसार कार्तिक १२ गतेदेखि १६ गतेसम्म प्रयोगात्मक कक्षा र १६ गतेदेखि १८ गतेसम्म लिखित परीक्षा सञ्चालन गरिनेछ । यसरी कार्तिक १६ गते दर्शनशास्त्र (५०१), १७ गते शोधविधि (५०२), र १८ गते प्राज्ञिक लेखन (५०३) को परीक्षा हुनेछ ।
- लिखित परीक्षाको पूर्णाङ्क ४० र समय दुई घण्टा हुनेछ ।
- निर्धारित मितिमा दिउँसो १.०० बजेदेखि ३.०० बजेसम्म परीक्षा सञ्चालन गरिनेछ ।
- लिखित परीक्षा र पाठ्यक्रमसँग सम्बद्ध क्रियाकलाप दुवै काममा अङ्ग्रेजी भाषामा शोधप्रबन्ध लेख्ने शोधार्थीले अङ्ग्रेजी भाषाकै प्रयोग गर्नुपर्नेछ । त्यस्तै संस्कृत र नेपाली भाषामा शोधप्रबन्ध लेख्ने

शोधार्थीले नेपाली भाषालाई माध्यम बनाउन सक्नेछन् । तर संस्कृतमा शोधप्रबन्ध लेख्ने शोधार्थीलाई संस्कृतमै लेख्न प्रोत्साहित गरिन्छ ।

- आफूले दाङ र काठमाडौंमध्ये कुन चाहिँ केन्द्र रोज्न चाहेको हो, सोको बारेमा हरेक शोधार्थीले २०८० कार्तिक १ गतेभित्र अनुसन्धान केन्द्रलाई अनिवार्य रूपमा जानकारी गराइसक्नु पर्नेछ । सोको जानकारी मोबाइल नं. ९८४१६३१००५, ९८५७८२४४०२, ९८४७८५५७११ मा सम्पर्क गरी दिनुहोला ।
- प्रयोगात्मक कक्षामा आउँदा प्रथम सेमेस्टरमा दिइएको गृहकार्य पूरा गरी अनुसन्धान केन्द्रमा बुझाउन ल्याउनु पर्नेछ ।
- लिखित परीक्षाअघि सबै शोधार्थीलाई अनुक्रमाङ्क (सिम्बल नम्बर) उपलब्ध गराइने छ र परीक्षामा सोही अनुक्रमाङ्क प्रयोग गर्नु पर्नेछ ।
- लिखित परीक्षा सञ्चालनसम्बन्धी मापदण्ड परिशिष्ट १ मा दिइएको छ ।

## परिशिष्ट १ : विद्यावारिधि परीक्षा सञ्चालन मापदण्ड-२०८०

विद्यावारिधि २०७८ समूहको परीक्षा निम्न मापदण्डमा आधारित रहेर सञ्चालन गरिनेछ :

१ परीक्षालाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र दृढ छ ।

२ शोधार्थीहरूले मुलुकभित्रका दुईवटा परीक्षाकेन्द्रमध्ये आफूलाई पायक पर्ने कुनै पनि केन्द्रमा गएर परीक्षा दिन सक्नेछन् । तर यसका लागि पहिले नै केन्द्र चयन गर्नु पर्नेछ ।

३ परीक्षार्थीले आफ्नो साथमा परिचय खुल्ने कुनै कागजात अनिवार्य रूपमा साथमा लिएर परीक्षा सुरु हुनुभन्दा कम्तीमा २० मिनेट अगावै परीक्षाकेन्द्रमा आउनु पर्नेछ, जस्तै : परिचयपत्र, नागरिकता, वा विश्वविद्यालयसँग गरिएको अस्थायी करारनामाको फोटोकपी ।

४ शोधार्थीहरूले उत्तरपुस्तिकाको कुनै पनि भागमा आफ्नो नाम उल्लेख गर्न हुने छैन, केवल आफ्नो अनुक्रमाङ्कलाई अङ्क र अक्षरमा बुझिने गरी लेख्नु पर्नेछ ।

५ उत्तरपुस्तिकाको दुवैतिर स्वच्छ र स्पष्ट तरिकाले उत्तर लेख्नु पर्नेछ ।

६ उत्तरपुस्तिकाको पानालाई च्यात्न पाइने छैन ।

७ एउटा प्रश्नको सबै उत्तर एकै ठाउँमा लेख्नु पर्नेछ ।

८ उत्तरपुस्तिकामा प्रश्नको उत्तरबाहेक अरू कुनै पनि कुरा लेख्न पाइने छैन ।

९ द्वितीय उत्तरपुस्तिकालाई प्रथम उत्तरपुस्तिकासँगसँगै स्टिच गरेर एकसाथ बुझाउनु पर्नेछ ।

१० शोधार्थीले उत्तरपुस्तिकामा कालो मसी भएको कलम/डटपेन मात्र प्रयोग गर्नु पर्नेछ ।

११ सामान्यतः शोधार्थीहरूले जुन भाषामा शोधप्रबन्ध लेख्ने हो सोही भाषामा लिखित परीक्षा दिन प्रोत्साहित गरिन्छ । तर संस्कृत भाषाका शोधार्थीले ऐच्छिक रूपमा नेपाली भाषा पनि प्रयोग गर्न पाउने छन् ।

१२ तोकिएको मिति र समयमा अनुपस्थित हुने परीक्षार्थीको पुनः परीक्षा लिन अनुसन्धान केन्द्र बाध्य हुने छैन ।

१३ 'एक बेन्च, एक शोधार्थी' को नीतिलाई कडाइका साथ पालना गरिनेछ ।

१४. परीक्षा केन्द्रमा भीडभाडलाई न्यून गरिनेछ ।

१५. परीक्षा भवनमा झोला, मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक्स डिभाइसहरू लैजान निषेध गरिएको छ ।

१६. परीक्षामा खटिएका केन्द्राध्यक्ष, सुपरिवेक्षक र निरीक्षकले दिएको निर्देशनको पूर्ण पालना गर्नु शोधार्थीको कर्तव्य हुनेछ ।

१७. परीक्षार्थीहरू परीक्षाको समयमा समूहमा भेला हुने र कुराकानी गर्ने गर्नुहुँदैन ।

१८. परीक्षासम्बन्धी सम्पूर्ण विषयमा अनुसन्धान परिषद्को निर्णय अन्तिम हुनेछ ।

१९. प्रथम सेमेस्टरको लिखित परीक्षामा उत्तीर्ण भएका र हाजिरी पुगेका शोधार्थीलाई मात्र दोस्रो सेमेस्टरमा सहभागी गराइनेछ ।

(प्रा.डा. सुधनकुमार पौडेल)
कार्यकारी निर्देशक

**कार्यकारी निर्देशक**
**ने.सं.वि. अनुसन्धान केन्द्र**